बर्दिबास नगरपालिका
BARDIBAS MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE

बर्दिबास, महोत्तरी | मधेश प्रदेश, नेपाल

Bardibas, Mahottari | Madhesh Province, Nepal

पत्र संख्या(L.No.):-२०८३।०८४ | स्थापना(Estd.):- २०७३ (2073)

चलानी नं.(Dis. No.):-

बर्दिबास नगरपालिकाको कार्यालय महोत्तरी मधेश प्रदेश नेपाल २०७३

भोगाधिकार निस्सा प्राप्तिका लागि निवेदन पेश गर्ने सम्बन्धी १५ (पन्ध्र) दिने सूचना।

प्रथम पटक सूचना प्रकाशन मितिः २०८३/०६/२०

बर्दिबास नगरपालिकाको ऐलानी जग्गाको विवरण संकलन तथा अभिलेखीकरण र व्यवस्थापन ऐन, २०८० बमोजिम व्यक्ति/संस्थाले भोगचलन गर्दै आएको घर/जग्गाको उचित व्यवस्थापन गर्न लगत संकलन गरी भोगाधिकार निस्सा वितरण गर्ने प्रयोजनको लागि तपसिलमा उल्लेखित कागजातको साथमा "अनुसूची-१(क) र "अनुसूची-१(ख) अनुसारको फारम भर्न मिति २०८३।०६।२० गते देखि १५(पन्ध्र) दिन भित्र आ-आफ्नो वडा कार्यालयमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानी निवेदन पेश गर्न सकिनेछ।

तपसिल

क.स.	व्यक्तिको हकमा	संस्थाको हकमा
१	"अनुसूची-१(क)" बमोजिमको निवेदन,(वडा कार्यालयमा)	"अनुसूची-१(ख)" बमोजिमको निवेदन, ,(वडा कार्यालयमा)
२	निवेदक तथा पति/पत्नी को फोटो ।	संस्थाको छाप
२	क्षेत्रफल खुलेको जग्गा र जग्गामा बनेको संरचनाहरुको विवरण,	क्षेत्रफल खुलेको जग्गा र जग्गामा बनेको संरचनाहरुको विवरण,
३	निवेदकको नागरिकताको प्रतिलिपि,	दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) र कर चुक्ता प्रमाणपत्र
४	परिवारका सदस्यहरुको नागरिकताको प्रतिलिपि,	सञ्चालक समितिको निर्णय
५	चार किल्ला खुल्ने सँधियारहरुको विवरण,	चार किल्ला खुल्ने सँधियारहरुको विवरण,
६	कसैबाट खरिद गरेको भए सोको प्रमाण,	कसैबाट खरिद गरेको भए सोको प्रमाण,
७	जग्गा उपभोग गरिरहेको अन्य प्रमाणहरु जस्तैः (विद्युत पानीको महसुल तिरेको रसिद, स्थानीय तहले दिएको सिफारिस, घरसारको कागज वा अन्य उपलब्ध प्रमाणहरु)	जग्गा उपभोग गरिरहेको अन्य प्रमाणहरु जस्तैः (विद्युत पानीको महसुल तिरेको रसिद, स्थानीय तहले दिएको सिफारिस, घरसारको कागज वा अन्य उपलब्ध प्रमाणहरु)

पुनश्चः- सोही ऐनको दफा १५ बमोजिम यो सूचना प्रकाशन भएको मितिले ६ महिना सम्म सम्बन्धित जग्गाको कुनै पनि प्रकारले भोगा हस्तान्तरण नगर्न/नगराउनुहुन जानकारी गराइन्छ।

प्रहलाद कुमार क्षेत्री
नगर प्रमुख

प्रहलाद कुमार क्षेत्री
नगर प्रमुख

बर्दिबास नगरपालिका
BARDIBAS MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE

बर्दिबास, महोत्तरी
Bardibas, Mahottari

मधेश प्रदेश, नेपाल
Madhesh Province, Nepal

पत्र संख्या(L.No.):-२०८३।०८४
चलानी नं.(Dis. No.):- ८८१

स्थापना(Estd.):-२०७३ (2073)

मिति:-२०८३/०६/२०

विषय:- सूचना पठाइएको सम्वन्धमा।

श्री वडा कार्यालय सबै,
बर्दिबास नगरपालिका।

प्रस्तुत विषयमा बर्दिबास नगरपालिकाको ऐलानी जग्गाको विवरण संकलन तथा अभिलेखीकरण र व्यवस्थापन ऐन, २०८० बमोजिम व्यक्ति/संस्थाले भोगचलन गर्दै आएको घर/जग्गाको लगत संकलन गरी भोगाधिकार निस्सा वितरण गर्ने प्रयोजनका लागि प्रकाशन गर्ने १५ (पन्ध्र) दिने सूचना यसैसाथ संलग्न गरी पठाइएको छ।

उक्त सूचना सम्वन्धित वडा कार्यालयमा टाँस गरी आवश्यक प्रचार– प्रसार गर्नुका साथै सूचनामा उल्लेखित अवधिभित्र सम्वन्धित व्यक्ति/संस्थाबाट प्राप्त हुने निवेदन तथा आवश्यक कागजातहरू बुझिलिई दर्ता तथा संकलन गर्नुहुन अनुरोध छ।

प्रहलाद कुमार क्षेत्री
नगर प्रमुख

प्रहलाद कुमार क्षेत्री
नगर प्रमुख